NEPAN Monthly E-Newsletter

Celebrating 25th Year

# नेपान ई-लेटर

वर्ष २१, अंक २, पूर्णाङ्क ११६, भाद्र, २०७६ (Year 21, Issue 2, Vol. 116, August/September 2019)

## गतिविधिहरू

### सम्बोधन परियोजनाबाट विभिन्न कार्यक्रमहरू सम्पन्न

DFID को सहयोग र MOTT MacDonald को व्यवस्थापनमा नेपाल सहभागीमूलक कार्य समूह (नेपान), सिविएम इन्टरनेशनल, सप्रोस नेपाल र सामुदायिक विकास केन्द्र, नुवाकोटको सहकार्यमा नुवाकोट जिल्लाका तीन गाउँपालिकाहरुः दुप्चेश्वर, तादी र शिवपुरीमा सम्बोधन परियोजना सञ्चालन भइरहेको छ। उक्त परियोजनाले दिगो विकासको लक्ष्य प्राप्तिको लागि ”कोही पनि पछि नपरुन्“ भन्ने सारतत्वलाई आत्मसात गर्दै समाजमा रहेका अति जोखिमयुक्त वर्गहरू जस्तैः ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्गता भएका व्यक्ति, भूकम्पको कारणले विस्थापित घरपरिवार र खाद्य असुरक्षा तथा अति विपन्न घरपरिवारहरुको लागि विभिन्न कार्यहरु गर्दै आएको छ।

यसै सिलसिलामा नुवाकोट जिल्लाको तादी गाउँपालिकामा परियोजनाको लाभान्वित व्यक्ति तथा तिनका आश्रीत परिवार सदस्यहरुलाई तीन महिने सिलाईकटाई तालीम शुरु गरिएको छ। उक्त तालिममा १२ जनालाई सो सम्वन्धि प्रयोगात्मक ज्ञान दिनुका साथै केहि सँख्यामा सिलाई तथा इन्टरलक मेशिन प्रदान गरिएको छ।

परियोजनाले लक्षित क्षेत्रमा विभिन्न व्यवसाय सञ्चालन गर्न चाहनुभएका सेवाग्राही (२८ जना महिला र १८ जना पुरुषहरु मध्ये अपांगता भएका व्यक्ति ६ जना, ज्येष्ठ नागरिक १९ जना, एकल महिला ९ जना र विपन्न घरपरिवार १२ जना) को व्यवसायिक योजनाको निर्माण पनि गरेको छ।

त्यसैगरि परियोजनाको सहजीकरणमा मौसमी तरकारी खेतिको लागि विभिन्न स्थानमा विभिन्न तरकारीहरुको व्याड राखेको छ। तादी गाउँपालिकामा नर्सरीबाट १३४ घरपरिवार समेटिएको छ भने दुप्चेश्वर गाउँपालिकामा अमिलो जातका विभिन्न विरुवाहरु २०० घरपरिवारलाई १००६ वटा विरुवाहरु प्रदान गरिएको छ। त्यसैगरि सोही गाउँपालिकामा २० घरपरिवारलाई एभोकाडोको विरुवा १३० वटा बाँडिएको छ। साथै, उक्त विरुवाको महत्वको बारेमा घरदैलो अभिमुखीकरण समेत गरिएको छ।

साथै, परियोजनाले विगत लामो समयदेखि परम्परागतरुपमा अँगाल्दै आएको विभिन्न पेशा तथा व्यवसायको आधुनिकीरणको लागि विभिन्न यन्त्र तथा उपकरणहरुको सहयोग गरेको छ र सामाजिक सुरक्षाबारे जानकारी, परिचयपत्र प्राप्त गर्ने आधारहरु, स्थानीय वडा कार्यालयको भूमिका, विभिन्न सामाजिक समूहहरुको भूमिका आदिको बारेमा वडा स्तरीय अभिमुखिकरण कार्यक्रम भईरहेको छ।










### नेपानको २५औँ साधारणसभा भव्यताका साथ सम्पन्न

नेपाल सहभागीमूलक कार्य समूह (नेपान) ले गत भदौ २१ गतेका दिन जावलाखेलको स्थानीय विकास प्रशिक्षण प्रतिष्ठानमा २५औँ साधारणसभा सम्पन्न गरेको छ। नेपानका अध्यक्ष चेतनाथ कणेलको अध्यक्षता, सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाको प्रमुख आतिथ्य, संघीय संसद राष्ट्रियसभाकी सदस्य माननीय डा. विमला राई पौड्यालको विशेष आतिथ्य एवम् सप्रोस नेपालका अध्यक्ष श्रीकृष्ण उपाध्याय र नेपानका पूर्व अध्यक्षद्वय ब्रह्मध्वज गुरूङ तथा यशोधा श्रेष्ठको आतिथ्यमा उक्त कार्यक्रम सम्पन्न भएको थियो।




सभामा उपस्थित हुनुभएका प्रमुख अतिथि, विभिन्न संघसंस्थाबाट पाल्नुहुने अतिथिगण, नेपानका आजीवन तथा साधारण सदस्यहरूलाई स्वागत गर्दै पानसमा बत्ती बाली, राष्ट्रिय गान गाएर सुरु भएको कार्यक्रममा करिव १०० जना सहभागीहरूको उपस्थिति रहेको थियो। उक्त सभाको अवसरमा नेपानले नियमित प्रकाशन गर्दै आएका ”सहभागिता–५३“ (सूचना प्रविधि विशेषाङ्क) र एबचतष्अष्उबतष्यल व्यगचलबा(ज्ञढ का साथै नेपानको स्थापनाकालदेखि विभिन्न पदमा रही अतुलनीय सहयोग गर्नुहुने डा. भोलाप्रसाद दाहाल (स्व.) को स्मृतिमा उहाँका लेखहरूको सङ्ग्रह गरिएको ”सहभागीमूलक विकास बहस“ पुस्तकको विमोचन गरिएको थियो।

उक्त कार्यक्रममा राष्ट्रिय सूचना आयोगका प्रमुख आयुक्त कृष्णहरि बाँस्कोटाले सूचनाको माग गर्नु आमनागरिकको अधिकार र आवश्यक सूचना प्रदान गर्नु सरकारको दायित्व भएको बताउनुभएको थियो। नेपानले २५ औँ वर्षको यात्रा गरिरहेकोमा बधाई एवं शुभकामना व्यक्त गर्दै उहाँले अगाडि थप्नुभयो, सूचना प्रविधिको सदुपयोगले लोकतान्त्रिक शासन व्यवस्थालाई थप मजबुत गर्न सहयोग पुर्‍याउँछ र सहभागीमूलक विकास प्रकियालाई जोड दिँदै मुलुकलाई समृद्ध नेपाल : सुखी नेपाली’ को अभियान पूरा गर्नसमेत सघाउँछ। सोही क्रममा उहाँले देशलाई समृद्ध बनाउन मदिरामुक्त गरिनुपर्ने, खाद्यान्न तरकारी र माछा–मासुमा आत्मनिर्भर हुनुपर्ने, युवालाई स्वदेशमा नै रोजगारी सुनिश्चित गरिनुपर्ने, रासायनिक मललाई विस्थापित गरी जैविक मलको कारखाना सातै प्रदेशमा स्थापना हुनुपर्नेजस्ता अनेक उपाय पनि सुझाउनु भएको थियो।

त्यसैगरी, विशेष अतिथिको रूपमा आमन्त्रित राष्ट्रियसभाकी सदस्य माननीय डा. विमला राई पौडेलले कानुन तर्जुमा प्रकियामा वकालत, नीतिगत पैरवी गर्न तथा प्रदेश र स्थानीय तहमा सहभागीमूलक लेखाजोखा पद्धतिलाई स्थापना गर्न नेपानको उल्लेखनीय भूमिका हुन सक्ने बताउँदै २५ औँ साधारणसभा आयोजना गर्न सफल भएकोमा बधाई एवं शुभकामना दिनुभयो।



Nepal Participatory Action Network (NEPAN)
NEPAN Ghar, Dobhan Tole, Sahoyogi Nagar, Kathamndu Metripolitan City-32
PO Box: 13791, Kathmandu, Tel: +977 01 4154938
Email: nepan@nepan.org.np; Website: www.nepan.org.np

## विशेष सम्मानहरू प्रदान



उक्त सभामा नेपानका अध्यक्ष चेतनाथ कणेलका प्रथम सुपुत्र स्वर्गीय प्रसिद्ध कणेल को नाममा २०७४ मा नेपानमा स्थापित 'प्रसिद्ध कणेल स्मृति सहभागीमूलक विकास लेखन पुरस्कार' सहभागीमूलक विकास प्रक्रिया र यसको महत्वको बारेमा कलम चलाउँदै आउनुभएका र थुप्रै पुस्तकहरूसमेत प्रकाशित गरिसक्नुभएका द्वन्द्व विशेषज्ञ डा. विष्णुराज उप्रेतीलाई प्रदान गरिएको थियो। उहाँलाई खादा ओढाएर सम्मानपत्रको साथै नगद रु. १० हजार प्रदान गरिएको थियो।

साथै, २५औँ साधारणसभाकै अवसर पारी नेपानले आफ्ना सदस्यहरुको स्वयम्सेवा भावनाको उच्च कदर गर्दै विगतमा जस्तै यो वर्ष नेपान सदस्य प्रकाश बुढा मगरलाई 'वर्षको उत्कृष्ट सदस्य'को रूपमा सम्मान गऱ्यो। त्यसैगरी नेपान सचिवालयमा कार्यरत कर्मचारीहरूमा सकारात्मक सेवाभावको विकासको लागि तथा उच्चतम् कार्यको मूल्याङ्कन गर्दै कार्यक्रम तथा सूचना अधिकृत आशिष पाठकलाई 'वर्षको उत्कृष्ट कर्मचारी' को रूपमा सम्मान गरिएको थियो। पाठकले तीन महिना कार्यकारी निर्देशकको अनुपस्थितिमा कायम मुकायम भई कुशल तरिकाले नेपानको व्यवस्थापकीय जिम्मेवारीसमेत सम्हाल्नु भएकोमा हार्दिक प्रशंसासमेत गरिएको थियो।

त्यसैगरी साधारणसभामा विशेष सत्रको रूपमा FHI 360 को सहयोगमा सञ्चालित 'नागरिक समाज पारस्परिक जवाफदेहिता अभिवृद्धि परियोजना (सीएस-म्याप)' को बारेमा क्षमता विकास विशेषज्ञ गोविन्दराज पौडेलले परियोजना कार्यान्वयनको दौरानमा भएका मूल सिकाइहरुको बारेमा प्रस्तुति दिनुभएको थियो। नेपाल सरकारसँगको समन्वयको लागि नागरिक समाज तथा संघसंस्थाका प्रयासहरूलाई मजबुत बनाउने, सार्वजनिक सेवाप्रदायक संघसंस्थाहरुको राष्ट्रिय, जिल्ला र समुदायस्तरबीच हुने तहगत समन्वयमा सुधार र नागरिक समाज वा गैसस सँघसंस्थाहरुको संस्थागत सुशासन क्षमतामा सुधार ल्याउने आदि मुख्य उद्धेश्य भएको परियोजना नेपानबाट २३ जनवरी २०१७ देखि ३१ अगस्ट २०१९ सम्म सञ्चालन भएको थियो।

नेपानको २५ औं वार्षिक साधारणसभाको खुल्ला सत्रको समापन गर्नुअघि प्रमुख अतिथि, विशेष अतिथि, अन्य अतिथि, पूर्व अध्यक्षलगायत सबैलाई धन्यवाद ज्ञापन गर्दै अध्यक्ष चेतनाथ कणेलले आफ्ना विचार व्यक्त गर्नुभएको थियो। मन्तव्यको क्रममा अध्यक्ष कणेलले नेपानको कार्यकालको समयमा विभिन्न समस्याका बावजुद तथा नेपान आफ्नो 'दोस्रो घर'जस्तै भएको कारणले नेपानलाई सकेसम्म योगदान दिन सफल भएको अनुभूति भएको उल्लेख गर्नुभएको थियो। त्यसैगरी नेपानको कोष बढाउन तथा यसको दिगो सञ्चालनका लागि नेपान सदस्यहरुको स्वयम्सेवी परिचालन नवीन सन्दर्भमा चुनौतीको रूपमा रहेको समेत बताउनुभएको थियो।

नयाँ कार्यसमिति चयनका लागि निर्वाचन मण्डलमा संयोजकको रुपमा श्रीराम केसी, सदस्यमा मणिभद्र शर्मा र रुपा मुनकर्मीको नाम घोषणा गरी अन्तिममा सवैलाई धन्यवाद दिदै अध्यक्ष कणेलले प्रमुख अतिथिज्यूलाई नेपानका तर्फबाट 'मायाको चिनो' प्रदान गर्दै २५ औं वार्षिक साधारणसभाको खुल्ला सत्रको समापन भएको घोषणा गर्नुभएको थियो।

साधारणसभाको बन्दसत्रमा नेपानकी कार्यकारी निर्देशक उषा अर्याल दाहालले नेपानले गरेका विभिन्न बैठक तथा छलफलमा भएका नेपानको नयाँ रणनीतिक यात्रासम्बन्धी बहस र छलफलका मुख्य उपलब्धिहरु, आर्थिक वर्ष २०७५/७६ को प्रगति प्रतिवेदन र आर्थिक वर्ष २०७६/७७ का लागि कार्यक्रम योजना प्रस्तुत गर्नुभएको थियो। यसैगरी, नेपान कार्यसमितिका कोषाध्यक्ष तेजबहादुर सुनारले आर्थिक वर्ष २०७५/७६ को वित्तीय विवरण पेश गर्दै आर्थिक वर्ष २०७६/७७ का लगि प्रस्तावित बजेट प्रस्तुत गर्नुभएको थियो। त्यसमा सहभागीहरूले जिज्ञासा तथा सुझाव दिएका थिए।

## नेपानमा ५ नयाँ सदस्य थपिए

नेपानको २५औँ साधारणसभाले विकासकर्मीहरू प्रेमकुमार साम्पू, गीता पौडेल, बद्री अर्याल, डा. नरेन्द्रसिंह ठगुन्ना र अनिता पाण्डे पन्त गरी जम्मा ५ जना (३ पुरुष, २ महिला) लाई यो वर्ष साधारण सदस्यता प्रदान गऱ्यो।

## नयाँ कार्यसमिति चयन



नेपानको २५ औं वार्षिक साधारणसभाले नेपानका आजीवन सदस्य तथा पूर्व संयोजक फविन्द्र भण्डारीलाई अध्यक्षका रूपमा सर्वसम्मतिले निर्वाचित गरेको छ। त्यसैगरी सदस्यहरुमा रूपा वस्नेत, रूपा मुनकर्मी, तोयानाथ गौतम, डा. मीनाक्षी दाहाल, सुनीलकुमार यादव, बिर्खबहादुर क्षेत्री, विनोदकुमार तिमिल्सेना र अनिरुद्धनाथ शुक्ललाई सर्वसम्मतिले चयन गरेको छ। निर्वाचनपश्चात् विगत एक वर्षदेखि आउँदो एक वर्ष निरन्तर रहने केही पदाधिकारीहरू र आउँदो २ वर्षका लागि यसपटक चुनिएका नयाँ पदाधिकारीहरू गरी अबको नयाँ कार्यसमितिको पूर्ण विवरण यसप्रकारको हुनेछ :

१. फविन्द्र भण्डारी, अध्यक्ष
२. चेतनाथ कणेल, निवर्तमान अध्यक्ष (पदेन सदस्य)
३. तेजबहादुर सुनार, कोषाध्यक्ष
४. उषा अर्याल दाहाल, कार्यकारी निर्देशक (पदेन सचिव)
५. अनिरुद्धनाथ शुक्ल, सदस्य
६. विनोदकुमार तिमिल्सेना, सदस्य
७. बिर्खबहादुर क्षेत्री, सदस्य
८. डा. मीनाक्षी दाहाल, सदस्य
९. पदमप्रसाद भुसाल, सदस्य
१०. पद्माकुमारी शाक्य, सदस्य
११. रूपा बस्नेत, सदस्य
१२. रूपा मुनकर्मी, सदस्य
१३. सुनीलकुमार यादव, सदस्य
१४. तोयानाथ गौतम, सदस्य


**NEPAN SECRETARIAT**

**Nepal Participatory Action Network (NEPAN)**
NEPAN Ghar, Dobhan Tole, Sahoyogi Nagar, Kathamndu Metripolitan City-32
PO Box: 13791, Kathmandu, Tel: +977 01 4154938
Email: nepan@nepan.org.np; Website: www.nepan.org.np

## कार्यकाल पूरा हुने पदाधिकारीहरूको सम्मान

खुल्ला सत्र र बन्द सत्र गरी दुई चरणमा भएको सो कार्यक्रमको समापनका अवसरमा नेपानको कार्यसमितिमा रही सेवा अवधि समाप्त भएका नेपानका निवर्तमान अध्यक्ष चेतनाथ कणेल, पूर्व अध्यक्ष उत्तम उप्रेती, सदस्यहरूमा डा. अनोज क्षेत्री, अश्विनकुमार पुडासैनी, रुपा मुनकर्मी, रुपा बस्नेत, श्रीराम के.सी., डा. मीनाक्षी दाहाल, कृष्ण सुवेदी र नन्दलाल माझीलाई नेपानका पूर्व अध्यक्ष तथा संयोजकहरूले खादा र टीकाका साथ प्रशंसापत्र प्रदान गर्नुभएको थियो ।

## सीएसआरसीको  सोसल अडिटमा नेपानको प्रतिनिधित्व

यही भाद्र ३० मा आयोजित सीएसआरसीको १२ औं सोसल अडिटमा नेपानकातर्फबाट निवर्तमान अध्यक्ष चेतनाथ कणेल र कार्यसमितिका सदस्य तोयानाथ गौतम सहभागि हुनुभएको थियो । उक्त कार्यक्रममा सहभागि भएपछि निवर्तमान अध्यक्ष कणेलले नेपानले पनि यस्तो सोसल अडिट गर्नेतर्फ सोच्नुपर्छ र नागरिक समाज पारस्परिक जवाफदेहिता परियोजना बाट बनाईएको स्रोत पुस्तिका तथा परियोजनाका क्षमता विकास विशेषज्ञ गोविन्दराज पौडेलको अनुभव यस कार्यको लागि फलदायी हुने बताउनुहुन्छ । साथै एक्सन एड, सीएसआरसी र नेपानको सयुक्त आयोजनामा केही तालिम तथा गोष्ठि लगायतका सवालमा सहकार्य गर्न सकिने विचार व्यक्त गर्नुभएको थियो ।

## सूचनाः

- के तपाईले नेपानको वेबसाइट (www.nepan.org.np) हेर्नु भएको छ ?
- के तपाईले नेपानको **YouTube channel subscribe** गर्नु भयो ?
- के तपाईले नेपान सदस्यहरूले लेख्नुभएका वा सम्पादन गर्नुभएका पुस्तक तथा पत्रपत्रिकाका प्रतिहरू नेपान स्रोत-केन्द्रमा उपलब्ध गराइरहनु भएको छ ?

## नेपान स्रोत-केन्द्रमा उपलब्ध नयाँ सामग्रीहरू

- *सुशासन तथा जीविकोपार्जन परियोजना विद्यालय तह जलवायु परिवर्तन सचेतना अभिवृद्धि कार्यक्रम शिक्षकका लागि कार्यक्रम सञ्चालन सहयोगी सामाग्री , प्रथम संस्करण, रूपान्तरण, २०७२*
- *जलवायु परिवर्तन र समुदायमा आधारित अनुकुलन योजना तर्जुमा तालिम सञ्चालन पुस्तिका, नेपाल सरकार, विज्ञान, प्रविधि तथा वातावरण मन्त्रालय, डिसेम्बर २०१४*
- *सामुदायिक वन उपभोक्ता समूह स्तरीय जलवायु परिवर्तन अनुकूलन सचेतीकरण गोष्ठी सहजीकरण सहयोग पुस्तिका, रूपान्तरण, २०७१*
- *Information Bulletin, Vol. 1, Issue 1, Embassy of India, August-September, 2016*
- *Information Bulletin, Vol. 6, Issue 6, Embassy of India, June-July, 2017*
- *INDIA Perspectives, Vol. 32, Issue 4, October-December 2018*
- *विचार-विमर्श (पुस्तक), मासिक (म्यागाजिन), प्रथम संस्करण, २०७६ आषाढ (ले. शारदाप्रसाद दाहाल)*
- *Education and Research (Journal). Vol.8, Number1, March 2018*
- *International Conference on Technical and Vocational Education and Training for Employment, Income and Job Quality, Program and Abstracts, Sep 11-12,2019*
- *सहभागिता, अंक-५३, २०७६*
- *PARTICIPATION, Vol. 19, 2019*
- *सहभागीमूलक विकास-बहस, सहभागिता, शिक्षा, सुशासनसम्बन्धी आलेखहरू, स्व. डा भोलाप्रसाद दाहाल, २०७६*

Celebrating 25th Year
NEPAN

**NEPAN SECRETARIAT**

**Nepal Participatory Action Network (NEPAN)**
NEPAN Ghar, Dobhan Tole, Sahoyogi Nagar, Kathamndu Metripolitan City-32
PO Box: 13791, Kathmandu, Tel: +977 01 4154938
Email: nepan@nepan.org.np; Website: www.nepan.org.np